## अभ्यास (Exercise)

**क. परियोजना कार्य (Project Work)**

१. सहकारी ऐन र नियमावलीमा अनुगमन तथा सुपरीवेक्षणसँग सम्बन्धित प्रावधानहरूको सूची तयार गर्नुहोस् र सो सूची कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।

२. कुनै एक सहकारी संस्थाको वार्षिक प्रतिवेदन लिनुहोस् र त्यसमा दिइएका तथ्याङ्कहरूको प्रयोग गरी विभिन्न पल्स सूचाङ्कहरूको निर्धारण गर्नुहोस् ।

**ख. छोटा प्रश्नहरू (Short Questions)**

१. सहकारीको नियमन तथा अनुगमन भन्नाले के बुझ्नुहुन्छ उल्लेख गर्नुहोस् ।

२. सहकारीमा प्रयोग भइरहेको पल्सका सूचाङ्कहरूका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

३. सहकारीका नियामक निकायहरूको बारेमा संक्षेपमा लेखुहोस ।

४. सहकारीको नियमन गर्दा प्राप्त गर्नुपर्ने आवश्यक कागजातहरू के के हुन् लेख्नुहोस् ।

५. सहकारी नियमन गर्ने विधिहरूको बारेमा छलफल गर्नुहोस् ।

**ग. लामा प्रश्नहरू (Long Questions)**

१. नेपालको संविधान २०७२ अनुसार संघको अधिकार क्षेत्र प्रदेशको अधिकार क्षेत्र र स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने कार्यहरूको बारेमा स- विस्तार उल्लेख गर्नुहोस् ।

२. सहकारी अनुगमन तथा सुपरीवेक्षण गर्दा प्रयोग गरिने विधिहरूको बारेमा विस्तृत रूपमा व्याख्या गर्नुहोस् ।

३. नेपालमा सहकारी ऐन २०७४ मा व्यवस्था गरिएका मुख्य मुख्य अनुगमन तथा सुपरीवेक्षणका प्रावधानहरू स-विस्तार व्याख्या गर्नुहोस् ।

७

अध्याय

# सहकारी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि

## Historical Movement of Co-operative Development

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी राख्न सक्नेछन् :

- *सहकारी आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको बारेमा,*
- *विभिन्न देशमा भएका सहकारी आन्दोलन तथा स्वरूपका सम्बन्धमा,*
- *लघुवित्तका बारेमा सामान्य जानकारी,*

## ऐतिहासिक पृष्ठभूमिको परिचय

## Introduction of Histocial Movement Co-operatives

विश्वको आधुनिक सहकारीको पहिलो प्रयास रोबर्ट ओवेन (Robert Owen) बाट भएको देखिन्छ । उनी बेलायतमा सन् १७७१ मा जन्मेका थिए र उनी कारखानाका म्यानेजर थिए । पछि उनी मिल मालिक बन्न पुगेपछि श्रमिकहरूको सुविधा थप गर्ने र काम गर्ने समय प्रतिदिन ८ घण्टा कायम गर्ने जस्ता सुधारका प्रयास गरे । यसो गर्दा पनि वास्तविक श्रमिकहरूको अवस्थामा सुधार हुन नसकेकाले बेलायत र अमेरिकामा सामूहिक खेती प्रणालीको विकास गरेर समुदायलाई नै एउटै परिवारमा बाँध्ने कोसिस गरे । बेलायतमा एउटा सामूहिक वस्तीको पनि विकास गरे । सन् १८२४ मा अमेरिका गएर ३०,००० एकड जमिन किनी ९०० परिवारको बस्ती बसाले तर सफल हुन सकेन । उनको विचारमा विश्व एक दिन ठूलो साझा परिवार हुने छ भन्ने थियो । यसै कारण उनलाई सहकारीका पिता Father of Co-operative भनिन्छ ।

सहकारी भावनाको विकास मानिसको सभ्यताको सुरूसँगै भएको पाइन्छ । तर त्यस समयमा सहकारी भावनाको व्यावहारिक सिद्धान्त भने अविष्कार हुन नसकेको देखिन्छ । झण्डै २०० वर्ष पहिले मात्र सहकारीलाई व्यावहारिक बनाउने सिद्धान्त र प्रविधिको विकास भएको पाइन्छ ।

मालिक वर्गको चरम अत्याचार, श्रम शोषण, चर्को सामजिक विभेदको अवस्थामा, बिक्रीका माल झैं मालिकको सेवामा जीवन विताउन बाध्य हुनपर्ने अवस्थामा रहेका श्रमिकहरूले जीवनलाई सार्थक बनाएर स्वाभिमानीपूर्वक बाँच्ने उपायको खोजी गर्ने क्रममा सहकारीको अविष्कार भएको हो । श्रम सुधारक, समाज सुधारक मानवतावादीहरूको सैद्धान्तिक आदर्श र श्रमजीवीहरूको अनुभवको आधारमा सहकारी पद्धतिको विकास भएको हो । विश्वका पहिलो समाजवादी विचारक रोबर्ट ओवेनको विचार, लामो अनुभव र लामो समयको सामूहिक छलफल चिन्तन मननपछि विश्वमा पहिलो सहकारीको स्थापना सन् १८४४ मा बेलायतका श्रमिकहरूले गरेका हुन । आधुनिक सहकारिताको विकासक्रमको इतिहास सन् १८४४ मा बेलायतको Rochadale Equitable Pioneers Society को स्थापनासँगै सुरू भएको हो ।

१९ औं शताब्दीको औद्योगिक क्रान्तिले व्यक्तिगत पुंजी निर्माण, उत्पादन र उपभोगमा ठूलो परिवर्तन ल्यायो । औद्योगिक क्रान्तिले श्रमिक आन्दोलनलाई जन्मायो । त्यो समय बालश्रमको मुलुकहरूमा



सामान्य कुरो मानिन्थ्यो । श्रम गरेबापत ज्याला पनि कुपनमा दिइने र सो कुपन साहूकै पसलमा मात्र सामान किन्नुपर्ने बाध्यात्मक व्यवस्था थियो भने अर्कोतिर आर्थिक मन्दीले गर्दा मनपरी श्रमिकहरू कटौतीले गर्दा मजदूरहरूको जीवनमा अर्को जटिल समस्या आइपऱ्यो । यी घटनाहरूले सहकारीको आवश्यकतालाई बल पुऱ्यायो । बेलायतमा स्थापना गरिएको पहिलो आधुनिक सहकारी रोचडेल पायोनियर सोसाइटीको स्थापनामा २८ जना जुल्याहा मजदूरहरूको सामूहिक प्रयास थियो । यसैगरी जर्मनीमा सन् १८५० को दशकमा कृषि मन्दीका बेला राइफाइजेनले क्रेडिट यूनियनको अवधारण प्रयोगमा ल्याई पिडित किसानहरूलाई राहत पुऱ्याउने काम गरे । शहरी क्षेत्रमा कालिगढ तथा मजदूरहरूलाई संगठित गरी हर्मन शूल्जले क्रेडिट युनियन (सहकारी) को विस्तार गरे ।

रोबर्ट ओवनलाई सहकारीको जन्मदाता मानिन्छ । उनी मार्क्सवादका प्रणेता तथा मार्क्सका समकालीन पनि हुन् । वर्ग संघर्षमा आधारित साम्यवादी व्यवस्थाको स्थापनामा मार्क्सवादले प्रभावित तत्कालीन विश्वमा सहकारीको अवधारणा अघि बढाइएको थियो । आर्थिक विकासमा प्रजातान्त्रिक विधि (Economic Democracy) सहकारी दर्शनको अभीष्ट रहेकोले तत्कालीन समयमा साम्यवादी र पुंजीवादी विचारको चपेटामा सहकारी अभियान परेको सहज अनुमान लगाउन सकिन्छ ।

विश्वमा राज्य नियन्त्रित अर्थ व्यवस्थालाई साम्यवादीहरूले प्रयोगमा ल्याए भने निजी सम्पत्तिको सुरक्षाको साथै अर्थतन्त्रमा सर्वत्र निजी क्षेत्र भए पुग्छ भन्ने पुंजीवादी मुलुकहरू भए । यी दुबै खाले आर्थिक विकासको मोडललाई राज्यले नै भरथेग गर्दै गयो । केही समाज सुधारकहरूको व्यक्तिगत प्रयासबाट सहकारी मोडलको व्यावसाय पनि विकसित हुँदै आफ्नो प्रभाव विश्वभर फैलाउन सक्यो । विश्वका विकसित मुलुकहरूमै सबैभन्दा बढी सहकारीको प्रभाव देख्न सकिन्छ । युरोपका अधिकांश मुलुकहरू, अमेरिका, क्यानडा, जापान, कोरिया यसभित्र पर्छन् ।

इन्टरनेशनल कोअपरेटिभ एलायन्स (आइसिए) सहकारीहरूको प्रतिनिधित्व रहेको स्वतन्त्र तथा गैर सरकारी विश्व संगठन हो । एलायन्सको स्थापना सन् १८९५ मा भएको हो । यो विश्वकै सबैभन्दा ठूलो गैर सरकारी सङ्गठन पनि

हो । संयुक्त राष्ट्र संघले सन् १९९५ देखि जुलाइको पहिलो शनिबार अन्तर्राष्ट्रिय सहकारी दिवसको रूपमा मनाउन सुरू गर्नु र सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गर्नुबाट सहकारी मोडलको व्यावसायको महत्त्वलाई विश्वले स्वीकार गरेको प्रमाणित हुन्छ । सन् १९२३ देखि एलायन्सले मात्रै मनाउँदै आएको अन्तर्राष्ट्रिय सहकारी दिवस अहिले साझा भएको छ ।

## बेलायतमा उपभोक्ता सहकारीको विकास
## Consumer Co-operative Movement in Britain

आधुनिक सहकारीको जन्म सर्वप्रथम सन् १८४४ डिसेम्बर २१ मा बेलायतमा भएको हो । अठारौं शताब्दीमा बेलायतमा औद्योगिक क्रान्ति भएपछि त्यहाँको अर्थतन्त्र र सामाजिक जीवनमा ठूलो परिवर्तन आयो । साना साना ग्रामीण घरेलु उद्योगको ठाउँमा ठूला ठूला कलकारखाना र उद्योगहरू स्थापित भए । ग्रामीण क्षेत्रका जनताहरू आफ्नो रोजीरोटीको लागि गाउँबाट सहरतिर पस्न थाले । ठूला ठूला औद्योगिक क्षेत्रहरू र खानीहरूमा जीवनयापनको लागि काम गर्न थाले । ती ठूला ठूला उद्योग, कलकारखानामा उत्पादित वस्तुले गर्दा ग्रामीण जनताले उत्पादन गरेका घरायसी सरसामानहरू, लत्ताकपडा, भाँडाँकुँडा र अन्य कृषि उपकरणहरू उत्पादन गर्ने उद्योगहरू बन्द भए । ग्रामीण जनताले आफ्नो रोजीरोटीको लागि केही ठूला उद्योगपतिहरूको मुख ताक्नुपर्ने अवस्था सिर्जना भयो ।

यसबाट ग्रामीण जनताहरू भोक, रोग र ठूला आर्थिक संकटमा परे । आफ्नो जीवनका आवश्यकताहरू पूरा गर्न उनीहरूलाई धौधौ पर्‍यो । औद्योगिक क्रान्तिपछि खुलेका ठूला ठूला कलकारखानाहरू केही सीमित व्यक्तिहरूलाई बरदान साबित भयो । तर बहुसंख्यक जनताका लागि भने यो ठूलो असुरक्षा, बेरोजगारी एवम् गरिबीको स्रोत बन्न पुग्यो । ती ठूला कलकारखाना तथा उद्योगका मालिकहरूले विभिन्न तरिकाले आम जनतालाई आर्थिक शोषण गर्न थाले । कम ज्यालामा बढी परिश्रम, पैसाको सट्टा समानको रूपमा श्रमिकलाई ज्याला, रोजगारीको असुरक्षा, बालश्रमको शोषण जस्ता कुराहरूले डरलाग्दो समस्या उत्पन्न भयो । यसरी पुँजीपति र उद्योगपतिहरूबाट शोषित र पीडित बेलायती जनताहरूले गरीबी प्रेस



स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रताको माग राखी सँगठित रूपमा आन्दोलनमा उत्रन बाध्य भए । अन्ततः आर्थिक शोषणबाट पीडित बेलायती मजदुरहरूलाई आफ्नो हक, हित, गरीबी उन्मूलन, रोजगारीको लागि एक आपसमा सङ्गठित हुन बाध्य बनायो । यसको परिणाम स्वरूप सन् १८४४ डिसम्बर २१ मा Robert Owen का २८ जना अनुयायीहरूले बेलायतमा त्यहाँको फ्रेण्डली स्वसाइटी ऐन अन्तर्गत Rochdale Equitable Pioneers Society को नामबाट उपभोक्ता भण्डारको रूपमा श्रमिकहरूको पहिलो पटक सहकारी आन्दोलनको सूत्रपात गरे । यिनीहरूले प्रत्येक सदस्यबाट १ पाउन्ड उठाएर टोडलेन भन्ने ठाउँमा प्रतिवर्ष १० पाउन्ड भाडाको एक घर लिएर उनीहरूले उपभोक्ता भण्डार थालनी गरे । सदस्यहरूको कडा परिश्रमले त्यो उपभोक्ता भण्डार मुनाफामा सञ्चालन हुन पुग्यो । यसरी उपभोक्ता भण्डार मुनाफामा सञ्चालन भएको थाहा पाएर त्यसमा थुप्रै बेलायती श्रमिकहरू सदस्य बन्न पुगे र भण्डारको पुँजीको स्रोत पनि बढ्न गयो । सन् १८५२ मा सिलाइ तथा जुत्ता बनाउने अर्को इकाइ पनि उनीहरूले आफ्नो भण्डारमा थप गरे । यसरी रोच्डेल अग्रदूतहरूले खोलेको उपभोक्ता भण्डारले बेलायती जनतालाई आर्थिक रूपमा राहत दिई उनीहरूको जीवनस्तर सुधार्नमा सफल भएको हुँदा यसको प्रभाव विश्वका अन्य धेरै देशहरूमा पर्न गयो । सन् १८५२ मा यसले कानूनी मान्यता पनि पायो ।

बेलायतमा वीसौं शताव्दीमा स-साना सहकारी सोसाइटीहरू एकीकरण भएर Co-operative Whole Society ( CWS) निर्माण भयो । यसबाट सन् १८७३ मा Scottish Co-operative Society र South Suburban Co-operative Society सन् १९८४ मा स्थापना भए । सन् २००० मा Co-operative Whole Society ( CWS) Co-operative Retail Society सँग एकीकरण भयो । आज धेरै यूरोपियन देशहरूमा यस्ता सहकारीहरूले बैंक, विमा तथा अन्य क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेका छन ।

## जर्मनीमा ऋण सहकारी संस्थाको विकास
## Credit Co-operative Movement in Germany

जर्मनीमा ऋण सहकारीको सुरूवात १९ औं शताव्दीको मध्यतिर भएको थियो । त्यसबेला जर्मनीको आर्थिक अवस्था एकदमै जर्जर र दयनीय थियो । जर्मनीका

किसान र मजदूरहरू साहु महाजनको चर्को ब्याजदरको ऋणमा चुर्लुम्म डुबेका थिए । उनीहरू भोक, रोग, गरिबी र अभावबाट नराम्ररी पिल्सिएका थिए । यहुदीहरूको बजारमा पूर्ण नियन्त्रण थियो । गरिब किसान र मजदूरहरूको यहुदीहरूसँग आफ्ना आवश्यकताका समानहरू खरीद गर्नुपर्ने र आफ्ना सम्पूर्ण उपजहरू यहुदीहरूलाई नै सस्तो मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता थियो । गरिब जनताहरू यहुदीहरूबाट शोषित र पीडित थिए । उनीहरूका सम्पूर्ण घर, खेत, जमिन यहुदीहरू कहाँ बन्धक थियो । त्यस्तो अवस्थामा गरिब जनताहरूको आर्थिक उत्थान गर्न Herr Franz Shulze र F.W. Raiffeisen चासो देखाई सुधार प्रयासहरू सुरू गरे ।

सुरूमा शुल्ज गरिब जनताहरूको दयनीय अवस्था सुधार ल्याउन उनले सुरूमा धर्मरोटीघर (Bakery) को सञ्चालन गरेका थिए । यसले खासै सन्तुष्टि नदिएपछि सन् १८४९ मा शुल्जले आफ्ना साथी डा. बर्नहार्डीसँग मिलेर बिरामीहरूको उपचारको लागि एउटा मैत्री संघको स्थापना गरे र त्यसपछि कच्चा पदार्थ खरीद गर्नको लागि सार्कीहरूको संघ पनि खोले । सन् १८५० मा उनले धनीहरूको पैसाले पहिलो ऋण संघको पनि स्थापना गरे । सन् १८५२ मा शुल्जले Delitzch भन्ने ठाउँमा सहकारी सिद्धान्तमा आधारित एउटा संस्था खोले । उनले त्यस संस्थाको लागि आवश्यक पर्ने पुँजी संस्थाको सेयर बिक्रीबाट जुटाए । उनको मेहनतले राम्रो प्रतिफल दिन थाले पछि उनको हौसला झन बढ्न गयो । यसको फलस्वरूप शुल्जले सन् १८५६ मा आफ्नै प्रयासबाट आफ्नो अनुभवको आधारमा सहकारी बैंकिङ्ग सम्बन्धी पुस्तक प्रकाशित गरे । त्यसपछि उनले सुरू गरेको बैंकहरूको सङ्ख्यामा तिव्रता आयो । यसरी शुल्जले जर्मनीको शहरी क्षेत्रमा गरिब जनताहरूको दयनीय अवस्थामा सुधार ल्याई उनीहरूको जीवनस्तर उकास्न ऋण सहकारी आन्दोलनको सुरुवात गरेर ठूलो योगदान पुऱ्याए ।

राइफेशनले कृषकहरूको सहायता गर्न सन् १८४९ मा एक संघको स्थापना गरी धनी मानिसहरूको जमानतमा संघले ऋण लिएर आफ्ना सदस्यहरूलाई विभिन्न व्यावसाय गर्न ऋण प्रदान गरे । केही गरिब किसानहरू यस संघको सदस्य बनेर आर्थिक लाभ हासिल गरी साहु महाजनको चर्को ब्याजको ऋणबाट मुक्त हुन सके । राइफेशनको यो संघ राम्ररी नै सञ्चालन भयो । केही वर्षपछि राइफेशनले गरिब कृषकहरूलाई आयमूलक एवम् उत्पादनशील व्यावसाय



सञ्चालन गर्नको लागि ब्याजमा ऋण प्रदान गर्न धनी व्यक्तिहरूको एक समिती पनि स्थापना गरे । यो संस्थाले पनि सफलता पायो, तर गरिब मानिसहरू आफ्नो जीवन निर्वाहको लागि धनी मानिसहरूको मुख ताक्नुपर्ने स्थिति भने जस्ताको तस्तै रह्यो, जुन राइफेशनलाई मन परेन । उनले उक्त समितिमा कृषक तथा कालिगढहरूलाई पनि आबद्ध गराएर त्यस समितिको नाम Heddesdorf Credit Union राखे । त्यसबेलादेखि नै प्रत्येक सबैका लागि सबै प्रत्येकका लागि भन्ने (One for all, all for one) सिद्धान्त लागु भयो । सन् १८७७ मा ग्रामीण सहकारी संस्थाहरूको बृहत संघको स्थापना भयो, जसलाई राइफेशन संघ पनि भनिन्छ ।

यस अवस्थासम्म जर्मनीमा Urban Co-operative Society, Housing Co-operative Society, Consumer Co-operative Society आदि जस्ता धेरै सहकारी स्थापना भए । Credit Co-operative बाट सुरू भएको सहकारी आज जर्मनीको हरेक आर्थिक क्षेत्रमा फैलिएको छ । अहिले जर्मनीमा धेरै सङ्ख्यामा National Leagues, Regional Confederations र Global Organizations-World Council of Credit Union (WCCU) जस्ता संस्थाहरू स्थापना भएका छन । र WCCU ले सन् १९७७ मा ICA को सदस्यता प्राप्त गरेकोछ ।

## डेनमार्कमा दुग्ध सहकारी अभियान
## Diary Co-operative Movement in Denmark

उन्नाइसौं शताब्दीमा डेनमार्कको खेतीयोग्य जमिन जमिन्दारहरूको अधीनमा थियो । किसानहरूले उब्जाएको अन्नहरू ती जमिन्दारहरूले नै कब्जा गर्ने गर्दथे । त्यसैबेला डेनमार्कको बजारमा अमेरिकी उत्पादनहरू (खाद्यान्न) को प्रचुरता हुनाले डेनिस किसानहरूको लागि कडा प्रतिस्पर्धा सृजना भएको थियो । प्रतिस्पर्धाको क्रममा अमेरिकी खाद्यान्न भन्दा सस्तो मूल्यमा डेनिस उत्पादनहरू बेच्न किसानहरूलाई मुस्किल परेको थियो । यसको लागि उनीहरूले कम लागतमा बढी उत्पादन गरी खाद्यान्न बिक्रि वितरण गर्नुपर्ने अवस्थाले उनीहरूलाई एकल प्रयासबाट समस्याको समाधान हुन नसक्ने देखी सहकारितालाई माध्यमको रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता महसुस गरे । यसको फलस्वरूप सन् १८६९ मा डेनमार्कमा प्रथम कृषि सहकारी संस्थाको स्थापना भयो । यस संस्थामा सदस्यहरूको सङ्ख्या बढ्दै जानाले संस्थाको

वित्तीय स्थिति राम्रो भइ संस्थाबाट धेरै कृषकहरू लाभान्वित भए । त्यसै बखत बेलायतबाट डेनिस मक्खन तथा क्रिमको अत्यधिक माग भइरहेकोले डेनमार्कमा कृषि सहकारी भन्दा दुग्ध सहकारीलाई प्राथमिकता दिनुपर्ने अवस्था सृजना भयो । सन् १८८२ मा मक्खन तथा क्रिम बनाउने दुग्ध सहकारी संस्थाको स्थापना भयो । यो संस्थाले ठूलो आर्थिक सफलता हासिल गर्‍यो र देशभर दुग्ध सहकारी संस्थाको स्थापना र विस्तार हुन थाल्यो । डेनमार्कको दुग्ध सहकारी संस्थाहरूको सिद्धान्तको रूपमा खुल्ला सदस्यता, सेयर लगानीमा स्वतन्त्रता, दूधको मात्रा अनुसार सदस्यहरूको दायित्व निर्धारण, प्रजातान्त्रिक व्यवस्थापन जस्ता कुराहरू रहेको पाइन्छ ।

## स्वीडेनमा उपभोक्ता सहकारी अभियान
## Consumer Co-operative Movement in Sweden

स्वीडेन एउटा सानो देश हो । उन्नाइसौं शताब्दीको सुरूवातसम्ममा स्वीडेन एउटा कृषिप्रधान देश थियो । ७५ प्रतिशत जनसङ्ख्या कृषिमा र बाँकी अन्य क्रियाकलापमा संलग्न थिए । जब बेलायतमा औद्योगिक क्रान्ति भयो त्यसको असर स्वीहेनमा पनि पर्‍यो र सन् १८७० मा साना ठूला उद्योगहरू स्थापना भए । स्वीडेनमा औद्योगिक विकास यति छिटो भयो कि पूरै कृषि अर्थतन्त्र बन्द हुन पुग्यो । यसको सबैभन्दा पहिलो असर रोजगारीमा पर्‍यो । ग्रामीण क्षेत्रमा कृषि व्यावसाय गरिरहेका मानिसहरू कृषि पेसा छोडेर उद्योगमा काम गर्न थाले । आज पनि स्वीडेनमा अधिकांश मानिसहरू उद्योग-धन्दामा रोजगार छन् । जम्मा जनसङ्ख्याको ५ प्रतिशत जनसङ्ख्या मात्र कृषि कार्यमा लागेको छ जसको परिणाम स्वरूप ज्याला वा मजदुरी गर्ने मानिसहरूको सङ्ख्या ग्रामीण र सहरी दुवै वस्तीहरूमा बढ्दै गएको छ । तिनीहरूले प्राप्त गरेको ज्यालाले दैनिक उपभोग्य सामग्री खरिद गरी गुजारा चलाउन गाह्रो हुन थाल्यो । औद्योगिक उत्पादनमा उत्पादकहरू मिलेर वस्तुमा cartel गरेर वस्तुको मूल्य नाफा कमाउनको लागि अत्यधिक बढाए । यसबाट पनि ज्यालादारी वा मजदूरी गरी खाने मजदूरहरू समस्यामा परे ।

मजदूरहरूको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दै गयो । सङ्ख्या बढ्दै जाँदा उनीहरूको दैनिकीमा पनि ठूलो असर पर्न थाल्यो । काम गरेर दुई छाक खान नपुग्ने भयो । यी समस्याहरू आइपरेपछि उनीहरूले कसरी उद्योगका



मालिकहरूको शोषण अन्त्य गर्ने र के गरेर यसबाट हामीहरूले छुटकारा प्राप्त गर्न सक्दछौं भनी सोच्न थाले । यसै क्रममा वेलायतमा रोचडेल सोसाइटी स्थापना गरी त्यहाँका कामदारहरूले आफ्ना समस्याहरू समाधान गर्ने गरेको उनीहरूले सुनेका थिए । यसैको अनुसरण गर्दै स्वीडेनमा सन् १८५० District Community Buying Company को स्थापना गरे । जुन सहरमा सहकारीको स्थापना भएको थियो त्यो सहरमा आज पनि Swedish Co-operative Union and Wholesale Society Known as ( K.F.) छ । करिव ७५ प्रतिशत घरधुरीका मानिसहरू यसका सदस्य बनेका छन् र धेरैजसो सदस्यहरू ज्यालादारी वा त्यस्तै काम गर्ने अन्य कर्मचारी छन् ।

सहकारी स्थापनाको सुरूका दिनहरूमा सहकारी आन्दोलनले प्राईभेट संघसंस्थाहरू सँग धेरै सङ्घर्ष गर्नुपर्यो तर यसको बढ्दो लोकप्रियताले सहज रूपमा अगाडि बढ्न सक्यो । आज स्वीडेनको Consumer Co-operative ले त्यहाँको अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यसको विकाससँगै उद्योगीहरूको एकाधिकार पनि अन्त भएको छ । यही सहकारी आन्दोलनबाट Super Market / Departmental Store आदिको सुरूवात भयो । यो नै Swidesh Consumer Co-operative Society को सबैभन्दा ठूलो उपलब्धि हो । जहाँ सदस्यहरूले बजार मूल्य भन्दा १० देखि १५ प्रतिशतसम्म वस्तुमा छुट पाउँदथे । त्यसैले यी Super Market / Departmental Store हरूलाई Discount House पनि भनिन्थ्यो ।

Swedish Co-operative Union and Wholesale Society Known as ( K.F.) सन् १८९९ मा स्थापना भएको हो । यसले प्रारम्भिक सहकारी स्टोरहरूमा मुख्य गरेर सामानहरू सप्लाई गरिदिन्थ्यो । K.F. Whosale Society को केन्द्रीय कार्यालय स्वीडेनको Stockland मा रहेको छ । यसले विस्तारै विभिन्न उत्पादनमूलक उद्योगहरूको एजेन्सी प्राप्त गर्‍यो । जसले गर्दा स्टोरमा सजिलैसँग सस्तो दरमा सामान प्राप्त गर्न सजिलो भयो । सन् १९१४ मा यसै व्यवस्थापन अन्तर्गत "Floket Life Insurance Society" र १९४९ मा "The Marine and Transport Insurance Society" को स्थापना भयो । K. F. Whosale Society ले आफ्ना सदस्यहरूका लागि शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्न थाल्यो । यसका लागि उसले "Var Gard" नामक कलेजको स्थापना गर्‍यो र त्यसमा पढाइका अतिरिक्त Food Test Laboratory and Test kitchen जस्ता ल्याब

निर्माण गरी Research को काम पनि सुरूवात गऱ्यो । विकासशील देशहरूमा सहकारी आन्दोलनलाई सहयोग पुऱ्याउनका लागि सन् १९६० मा "Education Center in New Delhi" र " International Co-operative Alliance" को दक्षिण एशियाको लागि क्षेत्रीय कार्यालयको स्थापनामा पनि सहयोग गऱ्यो ।

K.F. स्वीडेनको उपभोक्ता सहकारी संस्थाहरूको Apex संस्था हो । त्यसैगरी स्वीडेनको कृषि सहकारी संस्थाहरूको Apex संस्था S.L. Agriculture हो । कृषि सहकारीले त्यहाँको करिव ५ प्रतिशत जनसङ्ख्यालाई रोजगारी दिएको छ भने करिव ४० प्रतिशत कृषि सहकारीहरूको आम्दानी दुग्ध व्यावसायबाट हुन्छ भने करिव ४० प्रतिशत आम्दानी Animal Slaughter बाट हुन्छ । कृषि सहकारीमा सन् १८७० मा Dairy Co-operative को स्थापना भएसँगै यसले किसानको लागि कृषि औजारहरूसहित अन्य वस्तुहरू पनि आपूर्ति गर्न थाल्यो । यो विस्तारै वृद्धि हुँदै स्वीडेनका प्रत्येक सहरहरूमा स्थापना भयो । कृषि सहकारी अन्तर्गत कार्य गर्ने गरी विभिन्न क्षेत्रमा १३ वटा सहकारी संघहरू मिलेर कार्य गरिरहेका छन् । यी १३ वटै सहकारी संघहरू "Fedreation of Swedish Farmer's Association" (S.L.) सँग आवद्ध छन् ।

स्वीडेनमा सहकारीहरूले खेलेको भूमिका निकै सराहनीय छ । स्वीडेनमा सहकारी संस्थाले सार्वजनिक सेवा प्रवाह गर्न समेत महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यहाँ सञ्चालित ६६ प्रतिशत "Day Care Center" सहकारी संस्थाहरूले सञ्चालन गरेका छन् । स्वीडेनमा सहकारीको विकासमा Agriculture Co-operative and Consumer Co-operative दुवैले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## इजरायलमा फार्म सहकारी अभियान
## Farming Co-operative Movement in Israel

इजरायल मध्यपूर्वमा अवस्थित एउटा सानो देश हो । इजरायलमा १४ मे १९४८ मा ब्रिटस प्यालेस्टाइन शासनको अन्त भएपछि विधिवत् रूपमा अस्तित्वमा आएको हो ।इजरायलको स्थापना भएसँगै युरोप र अन्य मुस्लिम देशहरूबाट Jews हरू त्यहाँ आएर बसोवास गरेका हुन् । इजरायलको राजधानी जेरूसेलम (Jerusalem) हो भने आर्थिक राजधानी तेल अभिभ (Tel Aviv) हो । विश्वका Jews हरूमध्ये करिव ४३ प्रतिशत को बसोवास यहाँ रहेको छ ।



इजरायलमा सहकारीको विकासका लागि आफ्नै विशेषताहरू रहेका छन् । सहकारीको अवधारणा अन्य कुनै देशबाट सिकेर आएको नभई Jewish राज्य स्थापना हुनुभन्दा पहिले नै त्यही सृजना गरिएको थियो । संसारभर फैलिएर रहेका Jewish परिवारहरू १५ मे १९४८ मा जब इजरायल स्वतन्त्र भयो तब इजरायलमा आए । नयाँ Jewish हरूमा खासै कृषिसम्बन्धी ज्ञान थिएन । त्यसैले उनीहरू ग्रामीण भेगमा बसेर ससाना कृषि क्रियाकलापहरू गर्न थाले । जब सन् १९०८ मा जोर्डन भ्यालीमा "Agriculture Collection Settlement" स्थापना भयो यही नै सहकारीको सुरूवात थियो । Jewish हरूले इजरायलमा आउने Jewish हरूलाई व्यवस्थापन गर्नको लागि Zionist भन्ने संस्था दर्ता गरे । सन् १९०१ मा यसै संस्थालाई Jewish National Fund (J.N.F.) मा परिणत गरियो । र सन् १९२० मा Zionist Organization ले Jewish Foundation Fund स्थापना गरी Jewish हरूलाई कृषि फार्म सञ्चालन गर्न पुँजीको व्यवस्था गराईदिन थाल्यो ।

सन् १९२० मा Jewish Federation of Labour (Histadrut) स्थापना भयो । यो श्रमिकहरूको राष्ट्रिय संगठन थियो । यसमा सबै औद्योगिक श्रमिक र कृषि श्रमिकहरूलाई सदस्यता खुल्ला गरियो । यस संस्था मार्फत आप्रवासीहरूलाई सम्पूर्ण सुविधाहरू उपलब्ध गराइयो । यसले किसान तथा श्रमिकहरूलाई आर्थिक तथा प्राविधिक सहयोग गर्न थाल्यो । सन् १९२३ मा सहकारी ऐन अन्तर्गत "Hevrat Ovdim" भन्ने संस्था स्थापना गरियो । यसलाई सहकारीहरूको छाता सँगठन मानिन्छ। यहाँ आउने आप्रवासीहरूको बसोवासको व्यवस्था, कृषि कार्यमा सहयोग, उद्योग, व्यापारमा लागेका किसानको कोषको सहयोग आदि कार्यहरू गर्दथ्यो । सन् १९२० मा नै इजरायलमा उद्योग, यातायात सेवा, ऋण सहकारी, उपभोक्ता सहकारी जस्ता धेरै सहकारीहरूको जन्म भैसकेको थियो ।

यसरी विभिन्न व्यक्तिहरूबाट स्थापना भएका विभिन्न सहकारीहरूमा मानिसहरू सदस्य भई काम गर्न थाले । मुख्य गरेर कृषि उत्पादन र औद्योगिक उत्पादनमा धेरै सहकारीहरू लागे । यसले देशमा आर्थिक तथा सामाजिक प्रगति भयो । अझै यो प्रणालीलाई व्यवस्थित गर्नको लागि त्यही समयमा Kibbutz (Collection Villlage), Moshav Ovdim (Workers Settieent), Moshav Shitufi (Collection Small holders Settlement) and Moshav Olim (new immigrants settlement) स्थापना भए ।

Kibbutz राष्ट्रिय स्तरको "Voluntary Commune" संस्था बन्यो जसमा उत्पादन, उपभोग, शिक्षा, स्वास्थ्य आदि क्रियाकलाप गर्ने सबै व्यक्तिहरूले यसको सदस्यता लिए । Moshav Ovdim ले उत्पादनका लागि आवश्यक पर्ने विउ, मल तथा किसानका लागि ऋणको व्यवस्थासमेत गरिदिन्थ्यो । यसले सहकारीमा उत्पादन भएका वस्तुहरूको बजारीकरण तथा खरिद कार्यहरूमा समेत सामेल हुन्थ्यो । साथै शिक्षा, स्वास्थ्य, सरसफाई जस्ता क्षेत्रहरूमा समेत यसले काम गर्दथ्यो ।

Moshav Shitufi ले सरकारी जग्गा तथा उपकरणहरू लिएर समूहमा उत्पादन गर्न चाहने वा व्यक्तिगत रूपमा जग्गा वा उपकरण लिएर उत्पादन कार्य गर्नेहरूलाई सघाउँदथ्यो । यसले उपलब्ध गराएको जमिनमा उत्पादन गरी सहकारीमा जम्मा गर्नुपर्दथ्यो । यसबाट प्रत्येकले उत्पादनको आधारमा सहकारीमा आफ्नो सेयर पाउँदथे । यसरी सहकारीमार्फत इजरायलमा सिंचाइ, बजारीकरण, उत्पादन, कृषि, बिमा आदिमा निकै राम्रो विकास भयो र अहिले पनि इजरायलको कृषि विश्वका लागि उदाहरणीय बनेको छ ।

सहकारी संस्थामार्फत जति उत्पादन हुन्छ त्यसको बजारीकरण पनि सहकारीले आफै गर्नुपर्छ । उत्पादन बढ्दै जाँदा सम्पूर्ण कार्यहरू गर्न गाह्रो भएपछि उनीहरूले विशेष गरेर अमिलो जातका फलफूल बाहिर निकासी गर्ने गरी "Tnuva" नामक संस्थाको गठन गरे । "Tnuva" ले प्राय गरी Grain बाहेक सबै उत्पादनको बजारीकरण गर्दछ । यसले उत्पादन र बजारीकरणको विचको मध्यस्थताको काम गर्दै उत्पादनको राम्रो प्रतिफल किसानहरूलाई दिलाएको छ ।

इजरायलमा Kibbutz, Moshav र Tnuva ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । संक्षेपमा Kibbutz ले कृषि सहकारीमा कार्य गर्ने Worker Control गर्ने र Moshav ले सेवा सहकारीमा कार्य गर्ने व्यक्ति तथा किसानहरूको उत्पान गर्ने कार्य गर्दछ । त्यसैगरी Tnuva ले उत्पादित वस्तु तथा सेवाको बजारीकरण गर्दछ ।

आज इजरायलमा सहकारी संस्थाहरूको उत्पादन करिव ७० प्रतिशत छ भने प्राइभेट संस्थाहरूको करिव ३० प्रतिशत मात्र छ ।



## इटालीमा ऋण सहकारी अभियान

## Credit Co-operative Movement in Italy

प्राचीनकालमा इटाली कालीगढी र शिल्पकलामा विश्वमै उत्कृष्ट मानिन्थ्यो । रोमन नागरिकहरूले नागरिकहरूका विच आपसी सम्बन्ध मजबुत बनाउनको लागि कानुन बनाएका थिए । हरेक दृष्टिकोणबाट उनीहरू समुन्नत अवस्थामा थिए तर उनीहरूले विश्वमा भएका परिवर्तन सँगसँगै आफ्ना शिल्पकला तथा अन्य कलाहरूको विकास गर्न सकेनन् त्यसैले उनीहरू पछौटेपन र गरिवीको चक्रमा फस्न गए ।

उनीहरूलाई दिनदिनै पैसाको अभाव बढ्दै गयो र उनीहरू आफ्ना दैनिक आवश्यकता पूरा गर्नका लागि साहुहरूको भर पर्नुपर्ने भयो । साहुहरूबाट महँगो ब्याजदरमा ऋण लिन मानिसहरू वाध्य भए । साहुहरूले किसानहरूलाई अन्न खान तथा उत्पादन प्रयोजनको लागि उपलब्ध गराउँदथे तर किसानहरूले त्यो अन्नको ५० प्रतिशतसम्म साहुहरूलाई फिर्ता गर्नुपर्दथ्यो । साहुहरूले सकेसम्म किसानको दुरावस्थाको फाइदा लिन भरमग्दुर प्रयास गरिरहेका हुन्थे ।

सन् १८८० मा यो अवस्था झन् बढ्दै गयो । यसले गर्दा वेरोजगारी झन् झन् बढ्दै गयो । वस्तुको मूल्य पनि बढ्दै गयो । किसानहरूले साहुहरूबाट ल्याएको ऋण तिर्न सकेनन् र विस्तारै किसानहरूसँग बचेको केही सम्पत्ति पनि चुपचाप साहुहरूलाई सुम्पनवाहेक अरू विकल्प उनीहरूसँग भएन । इटालीमा यस्तो अवस्था सृजना भएपछि विभिन्न व्यक्तिहरूले कसरी यो अवस्थाबाट किसानहरूलाई उकास्न सकिन्छ भनी अध्ययन गर्न थाले । जसमा सुरूमा यसको अग्रसरता Luigi Luzzati (लुइगी लुजाटी) र Dr.Leone Wellemburg (डा. लियोन वोल्मवर्ग) ले सहकारीको माध्यमबाट यसलाई हटाउन सकिन्छ भनी निचोड निकाले । लुजाटी अर्थशास्त्रका प्राध्यापक थिए । उनले विभिन्न माध्यमबाट अध्ययन गरी सहकारीको इतिहासबाट उनी प्रभावित भए । यसको अध्ययनको लागि उनी जर्मनी गए । जर्मनीमा शुल्ज प्रणाली लागु भएको १५ वर्ष भैसकेको थियो । लुजाटीले जर्मनको अध्ययन गरेपछि सहकारीको माध्यमबाट किसानहरूको आर्थिक अवस्था सुधार गर्न सकिन्छ भन्ने कुरामा ढुक्क भए । जर्मनबाट फर्केपछि उनले ग्रामीण उद्योगमा काम गर्न थाले र त्यहाँ सहकारीको कसरी स्थापना गर्ने भन्ने विषयमा अध्ययन गर्न थाले । लुजाटीले सन् १८६४/ ६५मा लोदि (Lodi) मा मैत्री समाजको आयोजना गरे र पछि यो सहकारी बैंकमा परिणत भयो र अझैपनि सञ्चालनमा छ । सन्

१८६६ मा उनले पहिलो सहकारी बैंक मिलानमा स्थापना गरे जसमा उनी र उनका साथीहरूको मुख्य सहयोग थियो । यो बैंकको नाम "Banca Popular" (People's Bank) दिइयो । यसको लोकप्रियता दिनानुदिन बढ्दै गयो र सदस्यहरूको सङ्ख्या पनि बढ्दै गयो । आज पनि यो बैंक निकै लोकप्रिय छ र त्यहाँको बैंकिङ् व्यावसायको ३३ प्रतिशत व्यावसाय यसैले समेटेको छ ।

सुरुमा यस बैंकले छोटो समयका लागि ऋण दिन सुरू गर्‍यो । त्यतिवेला गैर सदस्यहरूलाई पनि ऋण दिइन्थ्यो । यस बैंकको कोषको मुख्य स्रोत किसानहरूको बचत नै थियो । लगानी बढ्दै गएपछि दश महिनामा फिर्ता गर्ने गरी सेयर जारी गर्‍यो ।

उता लियोन वल्मवर्गले जर्मनीमा सञ्चालन भैरहेको रेफिसन् (Raiffeisen) प्रणालीको अध्ययन गरे। त्यसबाट उनी प्रभावित भई त्यसको प्रयोग कसरी गर्न सकिन्छ भनी अध्ययन गर्न थाले ।

लुजाटी र वल्ममवर्ग दुवैले एउटै सिद्धान्त लिएर आ-आफ्नो क्षेत्रमा काम गर्दै गए । सन् १९८३ मा लोरेगिया (Loreggia) मा ३२ जना मिलेर एउटा बैंक स्थापना गरे जसमा जम्मा भएको कोषको मुख्य लगानीकर्ता वल्मवर्ग थिए । सुरूमा यस बैंकले सेयर पुँजी नउठाए पनि पछि सेयरबाट पनि कोषमा जम्मा गर्न थालियो । यसबाट किसानहरूलाई १.५ % का दरले ऋण उपलब्ध गराइएको थियो ।

लुजाटी र वल्मवर्ग दुवैले सहकारीमा राजनीति गर्न हुँदैन भनेर उनीहरू सहमत थिए तर पनि त्यस समयमा केही क्याथोलिकहरूले सन् १८९० मा सहकारी बैंक स्थापना गरे र सन् १९२२ सम्ममा ३५०० ओटा क्याथोलिक समाज स्थापना भैसकेका थिए ।

सन् १९२२ देखि सन् १९४५ मा जव फाँसीवादहरू सत्तामा आए तव तिनीहरूले यी सहकारीहरूलाई राज्यका नीतिहरूको कार्यान्वयन गर्ने संस्थाका रूपमा विकास गरे । जसबाट सदस्यहरू बीचको सहयोगी भावनाको अन्त भयो । फाँसीवादहरूले सहकारीहरूलाई अन्त गर्ने गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरे । सहकारीसँग सम्बन्धित सबै संघसंस्थाहरू बन्द गरे । तर फाँसीवाद (Fascist) को शक्ति सन् १९४४ मा ध्वस्त भयो । फाँसीवादको अन्तपछि बन्द गरिएका सहकारी संस्थाहरू पुन: स्थापना भए ।



इटाली सन् १९४६ मा सहकारीहरूका समस्याहरू समाधान गरी सहकारी आन्दोलनमा सहयोग गर्न सहकारी निर्देशनालयको स्थापना गरियो । सन् १९४७ मा सहकारी ऐन पास भयो र प्रत्येक सहकारी समाजले वार्षिक रूपमा लेखापरीक्षण गराउनुपर्ने व्यवस्था आयो । यसै समयमा केन्द्रीय सहकारी आयोगको स्थापना भै सहकारीहरूको अनुगमन गर्न पनि सुरूवात भयो । सन् १९९८ मा इटालीको सरकारले इटालीको संविधानमा नै सहकारी आन्दोलन समावेश गरेपछि पूरै देश सहकारीमा समाहित हुन पुग्यो ।

सन् २०17 मा आइपुग्दा इटालीमा ७०००० सहकारी संस्था स्थापना भएका छन् । Agriculture मा ३९३५, Industry मा ४२७४, Building ९२४९, Service ४३९४० र अन्यमा ८६०२ सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । यी सहकारीहरूमा १७,४६,३६९ कर्मचारीहरू कार्यरत छन् । इटालीका सहकारी संस्थाहरूका ४ वटा संघहरू रहेका छन् । जसमध्ये

1. Italian Co-operative Confederation
2. National Co-operative League
3. Italian National Union
4. General Association of Italian Co-operatives

आज पनि इटालीमा धेरै स्थानीय समुदायहरूमा कामदारहरूद्वारा सहकारी स्थापना गरी आफ्ना आवश्यकताहरू पूरा गर्ने चलन बढिरहेको छ । जुनसुकै Sector मा पनि कामदार तथा किसानहरू संलग्न भएर सहकारीमार्फत आफ्ना आवश्यकताहरू पूर्ति गरेका छन् ।

## रूसमा फार्म सहकारी अभियान
## Farming Co-operative Movement in Russia

बेलायतबाट रोचडेली सहकारी मोडेल विश्वभर फैलिरहेका बेला १९ औं शताब्दीको अन्ततिर रूसमा सहकारीको सुरूवात भएको पाइन्छ । सन् १८६४ मा Co-operative Store र Credit Society को स्थापना भएसँगै सहकारीको सुरूवात भएको पाइन्छ । सुरूमा सहकारीका आफ्नै मूल्य र मान्यता भएको प्रजातान्त्रिक सँगठन भएको हुनाले सरकारले खासै महत्त्व दिएन तर पनि स्थापना भएको Co-operative Store ले काम गर्दै गयो र सन् १९१४ सम्ममा आइपुग्दा यसले रूसको झण्डै आधाजति आपूर्तिमा आफ्नो पहुँच पुर्‍याइसकेको थियो । सन् १९१८ मा सहकारीको कामबाट प्रभावित भएर लेलिनले पनि सहकारीहरू जसरी भए पनि अगाडि बढाउन पर्ने धारणा राखे ।

रूसमा पहिलो सहकारी आन्दोलन "Labour Artles" थियो । यसले देशमा संयुक्त जिम्मेवारी भएका सदस्यहरू मिलेर संयुक्त उद्यम सञ्चालन गर्न बाटो खोलिदियो । जसले गर्दा यो Artles सञ्चालन गर्न Carpenters, Mansons, Handicraft-man जस्ता पेशामा लागेका व्यक्तिहरूले व्यवस्थापन गर्न थाले । तिनीहरूमा संयुक्त शक्तिले आफ्नो Bargaining Power बढाउने कुरामा विश्वास गरे । यी Artles हरू औद्योगिक विस्तार नहुँदासम्म राम्रो सँग सञ्चालन भएका थिए तर जब औद्योगिक विस्तार भयो त्यसले यिनीहरूमा संकट पैदा गराइदियो ।

त्यसपछि सन् १८९५ मा साइबेरियामा घिउ उत्पादक किसानहरू मिलेर एउटा संघ स्थापना गरे। यसले सम्पूर्ण किसानहरूको कृषि तथा उपभोग जन्य उत्पादन ठूलो परिमाणमा खरिद गरी आफ्ना सदस्यहरूलाई वितरण गर्दथ्यो । सन् १९६८ सम्म आइपुग्दा यो संघको गुणात्मक दरले वृद्धि भयो र "The Union of Siberian Creameries Association" गठन भयो । यसले आफ्ना सम्पूर्ण गतिविधिहरूलाई Cream जम्मा गर्ने र बेच्ने कार्यमा समर्पित गऱ्यो । यो संस्था आज पनि जीवितै छ ।

रूसमा किसानहरू जमिनदारको चर्को ब्याजबाट आजित भैरहेका थिए । कृषिमा काम गर्ने किसानहरूले विउविजन तथा उपकरणका लागि चर्को ब्याजमा ऋण लिएर चलाउनुपर्दथ्यो । यस्तो अवस्थामा उनीहरू आफै संगठित भै एउटा "Credit Association" को स्थापना गरे । आफ्ना सदस्यहरूबाट केही रकम उठाई यो Credit Association सञ्चालन गरे र किसानहरूलाई पनि सस्तो ब्याजमा रकम उपलब्ध गराउन थाले । सन् १९०५ देखि यो Credit Association लाई सरकारको पूर्ण सहयोग छ ।

त्यसै समयमा रोचडेलीको अनुसरण गर्दै रूसमा उपभोक्ता सहकारीको पनि धारणा बसिसकेको थियो । धेरै जसो यस्ता सहकारीहरू ग्रामीण समुदायमा स्थापना भएका थिए । यी संस्थाहरूले सरकारसँग मिलेर सरकारको नीति कार्यान्वयन गर्न पनि सहयोग गरे । सन् १९३२ मा जब सरकारले प्राईभेट व्यावसायलाई कडाइ गऱ्यो त्यस समयपश्चात् अझ सहकारीको महत्त्व बढ्दै गयो र ग्रामीण भेगमा आपूर्तिको सम्पूर्ण जिम्मा सरकारले सहकारीलाई नै दियो । यसले गर्दा रूसमा सहकारीको सङ्ख्या अझ बढ्दै गयो । यो समयमा सहकारीहरूले किसानहरूका सम्पूर्ण उत्पादन किनिदिने र बजारीकरणको



व्यवस्था गराइदिने गर्न थाले । त्यतिवेला सम्म प्रत्येक गाउँमा उपभोक्ता सहकारी गठन भैसकेका थिए । जिल्लामा भएका सबै उपभोक्ता सहकारीहरूको संलग्नतामा "District Union" गठन गरियो । प्रत्येक क्षेत्रमा क्षेत्रगत संघ पनि स्थापना भयो जसलाई Regional Union पनि भनिन्छ । यो उपभोक्ता सहकारीको माथिल्लो निकाय हो ।

सन् १९१७ मा भएको राजनैतिक परिवर्तन पछि रूसमा सामूहिक खेती गर्ने प्रणालीमा अझ विकास भयो। त्यतिवेला धेरैजसो किसानहरूले साना तथा मध्यम खालका जग्गामा खेतीपाती गरिरहेका थिए । यही समयमा नै सम्पूर्ण जमीनदारहरूको जग्गा सरकारले लियो । मध्यम वर्गका किसानहरूको जग्गा पनि सरकारीकरण गरियो । केही जग्गा केही पनि नहुने किसानहरूका लागि पूरानै तरिकाबाट खेतीपाती गर्न दिइयो भने केही जग्गामा सरकारले आफैं फार्महरू सञ्चालन गऱ्यो । केही जग्गा सहकारीहरूलाई फार्म सञ्चालन गर्न दियो । साना किसानहरू मिलेर सामूहिक रूपमा खेतीपाती गर्ने किसानलाई आर्थिक तथा प्राविधिक सहयोग सरकारले गर्न थाल्यो । यसबाट हुने उत्पादन उपभोक्ता सहकारीले लिने र वितरण गर्ने व्यवस्था मिलाइयो ।

सन् २००५ मा "North Caucasus Rural Credit Co-operative" र "Agriculture Development Program" गरियो र एउटा Region मा दुई तहका सहकारी मात्र रहने व्यवस्था गरियो ।

## बंगलादेशको लघुवित्त कार्यक्रम
## Micro-Finance in Bangaladesh

लघुवित्त कार्यक्रम स्वरोजगारी सृजना गर्ने एउटा उत्तम विकल्प हो । यसले समुदायमा परम्परागत सीप र क्षमता भएका, काम गर्ने आँट भएका महिलाहरूलाई समूहमार्फत विनाधितो ऋण प्रदान गर्दछ। यस कार्यक्रमबाट महिलाहरूले आर्थिक उन्नति गर्नुको साथसाथै समाजमा सामाजिक प्रतिष्ठासमेत आर्जन गरेका छन् । त्यसैले लघुवित्त कार्यक्रम विशेष गरी महिलाहरूमार्फत गरिवी निवारण गर्नमा समेत सहयोगी बनेको छ ।

लघुवित्त कार्यक्रमका विभिन्न मोडेलहरू रहेका छन् । जसमा Limited operative Model, Small Farmer Co-operative Model (SFCL), Grameen Bank Model, Self-Help Groups (SHGs), Community Organizations (Cos) Model, Village Bank Model (VB) मुख्य रहेका छन् ।

बंगलादेश सन् १९७१ मा स्वतन्त्र भयो । अन्य विकसित मुलुकहरूमा जस्तै बंगलादेशले पनि त्यस समय धेरै समस्यासँग जुधिरहेको थियो । जस्तैः Low literacy rate, malnutrition, low life expectancy, unemployment आदि । गरिबी दिनानुदिन बढीरहेको थियो। केही काम गर्नको लागि तिनीहरूको पहुँच बैंक वा वित्तीय संस्थासम्म पुग्न सकेको थिएन । गरिबहरूको सङ्ख्या यति बढी थियो कि सबैलाई सरकारले सहयोग गर्न सक्ने अवस्थामा पनि थिएन । यी सबै अवस्थाहरूले गर्दा बंगलादेशमा लघुवित्त स्थापना भएको हो । गरिब परिवारसँग न त पुंजी थियो न त व्यावसाय गर्ने सीप थियो । यस्तो अवस्थामा उनीहरू आफैले बचत गर्ने र सो बचतलाई समूहमार्फत परिचालन गर्न सकिन्छ र यसमार्फत पर्याप्त पुंजी पनि संकलन गर्न सकिन्छ र उनीहरूमा व्यवस्थापकीय सीपको विकास गरी यसलाई लगानी गरेर उनीहरूको अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले यसको विकास गरेको हो ।

त्यस समयमा बंगलादेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरूका पर्याप्त मात्रमा शाखाहरू पनि गाउँसम्म पुगेका थिएनन् । गरिब परिवारसँग धितो राखेर ऋण लिन सक्ने अवस्था पनि थिएन । शिक्षा तथा जनचेतनाको स्तर पनि कम थियो । यी सबै अवस्थाहरूको अध्ययन गर्दा प्राध्यापक मोहमद यूनुसले लघुवित्तमार्फत यी समस्याहरू हल गर्न सकिन्छ भनी सन् १९७० मा बंगलादेशमा ग्रामीण बैंक स्थापना भयो । लघुवित्त कार्यक्रम बंगलादेशमा सन् १९७० मा सुरू भयो र सन् १९९० मा नै चरम उत्कर्षमा पुग्यो । अहिले प्रत्येक गाउँगाउँमा यो कार्यक्रम पुगेको छ । गरिबी निवारणमा एउटा महत्त्वपूर्ण औजारको रूपमा विश्वभरि नै यो मोडेल प्रयोग भैरहेको छ । प्राध्यापक मोहमद यूनुसलाई यही कार्यले नोबेल पुरस्कार समेत दिलायो ।

एकदिन प्राध्यापक यूनुस आफ्ना विद्यार्थी सँग Field Visit मा गएका थिए । त्यहाँ उनको एकजना सुफिया नाम गरेकी महिलासँग भेट भयो जसले बाँसका सामान बनाउने गर्थिन् । उनले ती महिलाको अवस्थाको अध्ययन गर्दा बँधुवा मजदूरको भन्दा फरक पाएनन् । ती महिलाले प्रत्येक दिन कम्तीमा पनि ५ टाका बाँस किन्नको लागि कमाउनै पर्दथ्यो । Money Lander बाट प्रतिदिन १० प्रतिशतसम्म ब्याज तिरेर ऋण लिन पर्ने र ऋण लिइरहेका अवस्थाको बारेमा पनि जानकारी लिए । फिल्डबाट फर्केको भोलिपल्ट Jobra का ४२ जना महिलाहरूलाई ८५६ टाका साँवा मात्र फिर्ता गर्ने गरी दिए । यो रकम



सदुपयोग गरी साँवा फिर्ता गर्न ती महिलाहरू सक्षम भए । जसले गर्दा ग्रामीण बैंकलाई संस्थागत गर्न प्राध्यापक यूनुसलाई उत्साहित पार्‍यो ।

आज बंगलादेशमा ग्रामीण बैंकका २४७५ शाखाहरू रहेका छन् । यी शाखाहरू मार्फत ८०५११ गाउँमा कार्यक्रम सञ्चालन गरिएको छ । ७.४ मिलियनले यस बैंकबाट विनाधितो ऋण पाएका छन् ।

यसैको सिको गरेर नेपालमा नेपाल सरकारले पाँच ओटा विकास क्षेत्रमा एक एक ओटा ग्रामीण विकास बैंक सन् १९९० मा स्थापना गरेको थियो । आज नेपालमा ६५ वटा लघुवित्त प्रत्यक्ष रूपमा कार्यक्रम सञ्चालन गरिरहेका छन् भने विभिन्न सहकारीहरूले पनि थप कार्यक्रमको रूपमा लघुवित्त कार्यक्रम सञ्चालन गरिरहेका छन् । यसका लागि नेपाल राष्ट्र बैंक र RMDC नामक संस्था बाट सहकारी संस्थाहरूलाई थोक कर्जा प्रदान गर्ने व्यवस्था गरिएको छ । हाल नेपालमा लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू नेपाल राष्ट्र बैंकको प्रतिवेदनअनुसार वि. स. २०७५ सम्ममा ६५ वटा रहेका छन् जसको विवरण तल उल्लेख गरिएको छ ।

1. Nepal Grameen Bikas Bank Ltd.
2. Nirdhan Utthan Bank Ltd.
3. Rural Microfinance Development Centre Ltd.
4. Deprosc Microfinance Development Bank Ltd.
5. Chhimek Microfinance Development Banks Ltd.
6. Swabalamban Laghu Bitta Bikas Banks Ltd.
7. Sana Kisan Bikas Bank Ltd.
8. Nerude Laghu Bitta Bikas Bank Ltd.
9. Naya Nepal Laghu Bitta Bikas Bank Ltd.
10. Summit Microfinance Development Bank Ltd.
11. Sworojagar Laghu Bitta Bikas Bank Ltd
12. First Microfinance Development Bank Ltd
13. Nagbeli Microfinance Development Bank Ltd
14. Kalika Microcredit Development Bank Ltd.
15. Mirmire Microfinance Development Bank Ltd.
16. Janautthan Samudayik Microfinance Dev. Bank Ltd.
17. Mithila Laghu Bitta Bikas Bank Ltd.

18. Womi Microfinance Bittiya Sanstha Ltd.
19. Laxmi Microfinance Bittiya Sanstha Ltd.
20. Civil Microfinance Bittiya Sanstha Ltd.
21. Mahila Sahayatra Microfinance Bittiya Sanstha Ltd.
22. Vijaya Laghubitta Bittiya Sanstha Ltd.
23. Kisan Microfinance Bittiya Sanstha Ltd.
24. NMB Microfinance Bittiya Sanstha Ltd.
25. Forward Community Microfinance Bittiya Sanstha Ltd.
26. Reliable Microfinance Bittiya Sanstha Ltd.
27. Mahuli Samudyik Laghubitta Bittiya Sanstha Ltd.
28. Suryodaya Laghubitta Bitiya Sanstha Ltd.
29. Mero Microfinance Bittiya Sanatha Ltd.
30. Samata Microfinance Bittiya Sanatha Ltd.
31. RSDC Laghubitta Bitiya Sanstha Ltd..
32. Samudayik Laghubitta Bitiya Sanstha Ltd.
33. National Microfinance Bittiya Sanstha Ltd.
34. Nepal Sewa Laghubitta Bitiya Sanstha Ltd.
35. Unnati Microfinance Bittiya Sanstha Ltd.
36. Swadeshi Lagubitta Bittiya Sanstha Ltd.
37. NADEP Laghubitta Bittiya Sanstha Ltd.
38. Support Microfinace Bittiya Sanstha Ltd.
39. Arambha Microfinance Bittiya Sanstha Ltd.
40. Janasewi Laghubitta Bittiya Sanstha Ltd.
41. Chautari Laghubitta Bittiya Sanstha Ltd.
42. Ghodighoda Laghubitta Bittiya Sanstha Ltd.
43. Asha Laghubitta Bittiya Sanstha Ltd.
44. Nepal Agro Microfinance Bittiya Sastha Ltd.
45. Creative Laghubitta Bittiya Sastha Ltd.
46. Ramaroshan Laghubitta Bittiya Sastha Ltd.
47. Gurans Laghubitta Bittiya Sastha Ltd.
48. Ganapati Laghubitta Bittiya Sastha Ltd.
49. Infinity Microfinance Bittiya Sastha Ltd.
50. Adhikhola Laghubitta Bittiya Sastha Ltd.



51. Swabhiman Microfinance Bittiya Sastha Ltd.
52. Sparsha Microfinance Bittiya Sastha Ltd.
53. Sabaiko Microfinance Bittiya Sastha Ltd.
54. Aarthik Samriddhi Laghubitta Bittiya Sanstha Ltd
55. Sadhana Laghubitta Bittiya Sanstha Ltd.
56. NIC Asia Laghubitta Bittiya Sanstha Ltd.
57. Nagarik Laghubitta Bittiya Sanstha limited
58. Sahakarya Laghubitta Bittiya Sanstha limited
59. Trilok Laghubitta Bittiya Sanstha Ltd.
60. Sarathi Laghubitta Bittiya Sanstha limited
61. Manakamana Laghubitta Bittiya Sanstha Ltd.
62. Sajeelo Laghubitta Bittiya Sanstha Ltd.
63. Satyawati Laghubitta Bittiya Sanstha limited.
64. Buddha Jyoti Laghubitta Bittiya Sanstha Limited
65. Samaj Laghubitta Bittiya Sanstha Limited.

## अभ्यास (Exercise)

**क. परियोजना कार्य (Project Work)**

१. नेपालका विभिन्न संस्थाहरूले सञ्चालन गरेका लघुवित्त कार्यक्रमहरूको सूची तयार पार्नुहोस् र तिनीहरूले सञ्चालन गरेका लघुवित्त कार्यक्रमका विभिन्न मोडेलहरूका बारेमा कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।

२. बेलायत तथा स्वीडेनको उपभोक्ता सहकारी, जर्मनी र इटालीको ऋण सहकारी, रूस र इजरायलको फार्म सहकारीको अनुसरण गरी नेपालमा स्थापना भएका प्रत्येक समूहका वीस वीस ओटा सहकारीहरूको नाम संकलन गर्नुहोस् ।

**ख. छोटा प्रश्नहरू (Short Questions)**

बेलायतको उपभोक्ता सहकारीको विकासका बारेमा चर्चा गर्नुहोस् ।

१. बेलायतको उपभोक्ता सहकारी संस्था कसरी विकास भएको थियो ?

२. जर्मनीमा ऋण सहकारी संस्था कसरी विकास भएको थियो ?

३. इटालीको ऋण सहकारी संस्थाको विकासका बारेमा संक्षेपमा लेख्नुहोस ।

४. बंगलादेशको लघुवित्त कार्यक्रमका वारेमा चर्चा गर्नुहोस् ।

ग. लामा प्रश्नहरू (Long Questions)

१. जर्मनी र इटालीमा भएको ऋण सहकारीको विकासले कसरी अहिलेको बचत तथा ऋण सहकारी संस्था वन्नमा सहयोग पुग्यो स-विस्तार उल्लेख गर्नुहोस् ।

२. बंगलादेशमा विकास भएको लघुवित्त कार्यक्रम नेपालमा कसरी अनुसरण गरिएको छ विस्तृत रूपमा व्याख्या गर्नुहोस् ।

## सन्दर्भ सामग्री (References)


१. गौतम, बाबुराम (२०७५,बैशाख) आर्थिक सामाजिक विकासमा सहकारी संस्थाहरूको भूमिका, सहकारी संवाद, राष्ट्रिय सहकारी विकास बोर्ड, वर्ष २९, अङ्क ७ पूर्णाङ्क २०२ पृ.१६-२०

२. घिमिरे, विष्णुप्रसाद (२०७५, जेष्ठ) सहकारीलाई जिम्मेवार व्यवसायको रूपमा सञ्चालन गरी सहकारी संस्कृतिको निर्माण गरौं, सहकारी संवाद, राष्ट्रिय सहकारी विकास बोड, वर्ष २९, अङ्क ८, पूर्णाङ्क २०३

